स्थानीय सरकार

# बेथानचोक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

ढुंखर्क, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०८२/०८३

चलानी नं.:

मिति :२०८२/०५/११ गते

ने. सं. ११४५ अंलाथ्व चतुर्थी

सूचना !    सूचना !!    सूचना !!!

**ज्येष्ठ नागरिकहरु तथा अपाङ्गता भएका व्यक्तिहरुका लागि राष्ट्रिय परिचय-पत्र दर्ता शिविर सञ्चालन सम्बन्धमा !!!**

प्रस्तुत विषयमा नेपाल सरकारद्वारा सामाजिक सुरक्षा भत्ता खाइपाइ आएका ज्येष्ठ नागरिक तथा अशक्त, अपाङ्गता भएका व्यक्तिहरुले सामाजिक सुरक्षा भत्ता नवीकरण गर्न राष्ट्रिय परिचयपत्र नं. आवश्यक पर्ने ब्यहोरा अवगतै छ । कतिपय व्यक्तिहरुले राष्ट्रिय परिचयपत्र नं. नहुँदा भत्ता नवीकरण हुन नसकेको र ज्येष्ठ नागरिकहरु तथा अपाङ्गता भएका व्यक्तिहरुलाई राष्ट्रिय परिचपत्र बनाउन जिल्ला प्रशासन कार्यालयसम्म पुग्नुपर्ने कठिनाइलाई मध्यनजर गरी गाउँपालिकाको पहल तथा जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकको सहयोगमा तपसिलको मिति, समय र स्थानमा राष्ट्रिय परिचयपत्र दर्ता शिविर सञ्चालन हुने भएकोले तपसिलमा उल्लिखित कागजातहरु सहित राष्ट्रिय परिचयपत्र बनाउन आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

**मितिः** २०८२/०५/१३ र १४ गते शुक्रवार र शनिवार

**समयः** बिहान ७ बजेदेखि बेलुका ५ बजेसम्म

**स्थानः** बेथानचोक गाउँ कार्यपालिकाको कार्यालय, ढुंखर्क, काभ्रेपलाञ्चोक ।

**राष्ट्रिय परिचय-पत्र दर्ताको लागि आवश्यक कागजातहरुः**

१. नेपाली नागरिकताको प्रमाणपत्र (सक्कल),
२. नागरिकताको जन्म मिति नखुलेको हकमा जन्म मिति खुल्ने प्रमाणपत्र,
३. नागरिकता प्रमाणपत्रमा उल्लेख भएको भन्दा फरक ठेगाना प्रमाणित गर्ने, बसाइँसराइ दर्ताको प्रमाणपत्र वा स्थायी बसोबास खुल्ने प्रमाणपत्र/कागज,
४. नागरिकतामा पति/पत्नी नखुलेको हकमा विवाह दर्ताको प्रमाणपत्र वा बच्चाको जन्म दर्ता प्रमाणपत्र/कागज,
५. नागरिकतामा अंग्रेजीमा नाम/थर नभएमा अंग्रेजी नाम/थर खुल्ने प्रमाणपत्र/कागज,
६. विधवा महिला/विधुर पुरुषको हकमा विवरण खुल्ने अन्य कागजातहरु (पति/पत्नीको मृत्यु दर्ताको प्रमाणपत्र)
७. ज्येष्ठ नागरिकको हकमा विवाह दर्ताको प्रमाण-पत्र वा विवाह प्रमाणित सिफारिस,
८. एकल पुरुष/अविवाहित पुरुष/महिलाको हकमा अविवाहित रहेको भनी वडाको सिफारिस पत्र, सम्बन्ध विच्छेद दर्ताको प्रमाणपत्र ।

..........................

राजेन्द्र भण्डारी

प्रमुख प्रशासकीय अधिकृत

राजेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

*Gmail: bethanchowkmun@gmail.com*

*Website: bethanchowkmun.gov.np*

*Telephone: 011421002*

CamScanner